# नेपाल राष्ट्र बैंक
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं**
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/१८/०८२/८३

मिति : २०८३/०३/२६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

२०८३/०३/२६

**(रामु पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

# यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं १९/०८२ मा बुँदा नं. १७ थप गरी क्रम संख्या मिलान गरिएको । | हाल नरहेको । | **१७. निष्कृय खाताको संख्या न्यूनीकरण गर्ने सम्बन्धमा :**<br>(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफूसँग रहेका निष्कृय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाई २०८३ पुसमसान्तसम्ममा लागू गर्नुपर्नेछ ।<br>(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्कृय हुनुपूर्व Call, SMS, e-mail लगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्नुपर्नेछ ।<br>(३) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्कृय खाता सक्रिय गराउनको लागि कम्तिमा ६ महिना अवधिको अन्तरालमा Call, SMS, e-mail लगायतका माध्यमबाट सम्बन्धित ग्राहकहरुलाई अनुरोध गर्नुपर्नेछ र सोको अभिलेख समेत राख्नुपर्नेछ ।<br>(४) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा Mobile/Web application मार्फत समेत ग्राहकले सहजरुपमा बन्द गर्न सक्ने व्यवस्था गर्नुपर्नेछ । साथै, यसरी ग्राहकले उपस्थित भई वा Mobile/Web application मार्फत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय संस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनु पर्नेछ । |

# यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

| क.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | (५) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्नुपर्नेछ ।<br>(६) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्क्रय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्नेछ ।<br>(७) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय खाता, सोको प्रयोग गरी हुनसक्ने Money Mule कारोबार तथा वित्तीय अपराधको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न नियमितरुपमा विभिन्न सामग्री निर्माण गरी प्रसारण गर्नुपर्नेछ ।<br>(८) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा भएका खाताहरुबाट हुनसक्ने Money Mule क्रियाकलापको पहिचान तथा सोको न्यूनीकरण प्रयोजनार्थ कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्नेछ । |